चंखेली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पिप्लाङ्ग, हुम्ला
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : ०७७।०७८
चलानी नम्बर : २३४

मिति : २०७७।०८।१७

## उद्यम विकास सहजकर्ता करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना
### दोस्रो पटक पकाशित मिति २०७७।८।१७

प्रस्तुत विषयमा संघीय सरकारबाट यस गाउँपालिकामा प्राप्त सशर्त अनुदान तर्फको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालनका लागि आवश्यक उद्यम विकास सहजकर्ता करारमा पदपुर्तिका लागि तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले ७ सात (दिन) भित्र माग बमोजिमका विवरणहरु र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

तपशिल

| क.स | विज्ञापन नम्बर | पद | तह | संख्या |
|---|---|---|---|---|
| 1 | ०२/०७७ /०७८ | उद्यम विकास सहजकर्ता | स्थानीय सेवाको सहायक स्तर चौथो वा पाँचौं तह सरह | २ (दुई जना) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:

क) प्राविधिक तालिम वा व्यवसायक तालिम परिषद (सिटिईभीटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको । वा

ख) प्राविधिक तालिम वा व्यवसायक तालिम परिषद (सिटिईभीटी) बाट उद्यम विकास सहजकर्ता सम्वन्धी २ वा तह ३ उत्तिर्ण गरेको ।

ग)) प्राविधिक तालिम वा व्यवसायक तालिम परिषद (सिटिईभीटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तिर्ण गरेको

घ) नेपाली नागरिक हुनु पर्ने

ङ) करार सेवाको लागि कुनै पनि कानूनले अयोग्य नठहरिएको

च) उमेर १८ वर्ष पुरा भएर ४५ वर्ष ननाघेको ।

छ) साथै गरीबी निवारणका लागि लघु विकास निर्देशिका २०७७ को दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएका, श्रम सूचना बैकमा सूचीकृत भएका र अनुभव प्राप्त तथा स्थानीय व्यक्तिलाई प्राथमिकता दिईने छ ।

२. दरखास्त दिने स्थान: चंखेली गाउँपालिकाको कार्यालय, पिप्लाङ्ग, हुम्ला

३. दरखास्त दिने अन्तिम मिति: २०७७ मंसिर २४ गते कार्यलय समय भित्र

४. आवेदन दस्तुर: रु ५०० (पाँच सय)

५. आवेदन दस्तुर बुझाउने ठाँउ : यस गाँउपालिकाको राजश्व शाखा वा यस गाँउपालिकाको ग्लोबल आई.एम.ई बैंकमा रहेको राजश्व खाता नं .T304010000006 मा बुझाउन सकिनेछ ।

६. छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

७. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजात प्रतिलिपीहरु:

क) नेपाली नागरिकता

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाणपत्र

घ) २ प्रति पासपोर्ट साईजको फोटो

ङ) अनुभव सम्बन्धी कागजातहरु

८. सेवा सुविधा: स्थानीय सेवाको सहायक स्तर चौथो वा पाँचौं तह सरह

९. पदले सम्पादित गर्नु पर्ने कार्यविवरण: संघीय सरकारको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ मा तोकिए बमोजिम हुनेछ ।

१०. प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परिक्षा संचालन हुने मिति: पछि प्रकाशन गरिने छ ।

११.लिखित परिक्षामा उर्तीणा गरी अन्तरवार्तामा उपस्थित हुने उम्मेदवारले आफुले पेश गारेका कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा लिई आउनु पर्ने छ ।

१२. सम्पर्क नम्बर: ९८६८२५८२९३/९८६४००९८३४/९८४८०१०९१८

**नोट:** दरखास्त जानकारी गाउँपालिकाको वेबसाईट chankhelimun.gov.np,वा कार्यालयबाट उपलब्ध हुनेछ । सहभागिहरुले ईमेल मार्फत दरखास्त दिन चाहेमा यस गाँउपालिकाको बैक खाता .T304010000006 मा राजश्व बुझाएको भौचर, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी तथा दरखास्त फारम स्क्यान गरि कार्यलयको ईमेलमा पनि दिन सकिने छ ।

प्रमूख प्रशासकीय अधिकृत